नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.:४२०१३३
४२०५५५
फ्याक्स नं.:४२०१५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

पत्र संख्याः २०८२/०८३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

मितिः २०८२/१२/२८

## सार्वजनिक/सरकारी जग्गा संरक्षण सम्बन्धी सूचना !

यस जिल्लामा रहेका सरकारी/सार्वजनिक जग्गाको अतिक्रमण नगर्न, नगराउन हुन एवम् कसैले सरकारी/सार्वजनिक जग्गा अतिक्रमण गरेको भए तत्काल खाली गरी सरकारी/सार्वजनिक जग्गाको संरक्षण गर्ने, गराउने कार्यमा सहयोग गरिदिनुहुन सरोकारवाला सबैमा अनुरोध गर्दछौं। यदी कोही कसैले सरकारी/सार्वजनिक जग्गा अतिक्रमण गरेमा वा अतिक्रमित जग्गा खाली गर्ने कार्य नगरेमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदै यस जिल्लामा सरकारी/सार्वजनिक जग्गा अतिक्रमण भएको सूचना/जानकारी भए यस कार्यालयमा उपलब्ध गराई सहयोग गरिदिन समेत यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

Bishnu
१२/२८

(विष्णुप्रसाद कोइराला)
प्रमुख जिल्ला अधिकारी

आज मिति २०८२।१।२१ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद कोइरालाज्यूको अध्यक्षतामा देहायका पदाधिकारी ज्यूहरुको उपस्थितीमा जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक बसी देहाय बमोजिमको निर्णय गरीयो ।

उपस्थिती:

प्र.जि.अ. श्री विष्णु प्रसाद कोइराला, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा -अध्यक्ष

सेनानी श्री सम्जय भण्डारी, गणपती, अर्जुन बाण गण दह व्यारेक, डडेल्धुरा -सदस्य

प्र.ना.उ.श्री बरुण बहादुर सिंह, जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा -सदस्य

स.प्र.ना.उ. श्री प्रकाश चन्द्र भट्ट, स.प्र.बल नेपाल नं. ५२ गुल्म हे.क्वा.डडेल्धुरा -सदस्य

प्र.अ.अ.श्री महेश प्रसाद अवस्थी, रा.अ.जि.का. डडेल्धुरा -सदस्य

डि.व.अ. श्री भिम प्रसाद कंडेल, डि.व.का. डडेल्धुरा -सदस्य सचिव

आमन्त्रित:

स.प्र.जि.अ. श्री अमर बहादुर बली, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

प्र.अ.श्री लक्ष्मण बराल, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

व.अ.अ.श्री प्रकाश जोशी,डि.व.का., डडेल्धुरा

ना.सु. श्री चन्द्र बहादुर रोकाया, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

निर्णय:

१) नेपाल सरकार मन्त्रि परिषदको मिति २०८२।१।१३ को स्वीकृत शासकिय सुधार सम्बन्धी एक सय कार्यसूचि मध्ये बुँदा नं ९२ बमोजिम डडेल्धुरा जिल्लामा सार्वजनिक र सरकारी जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्ने बुदा रहेको, मिति २०६०।०८।२१ को तत्कालिन जिल्ला वन कार्यालय डडेल्धुराबाट तत्कालिन शिर्ष गा.वि.स.वडा नं ६ हाल परशुराम नगरपालिका वडा नं ४ मा रहेको रज्यौडा बस्ती देखि दक्षिण, रंगुन गाड देखि उत्तर, परिगाउँ नहर बाँध देखि पूर्व, सुनखर्क खोला देखि पश्चिमको राष्ट्रिय वन क्षेत्र जिल्ला डडेल्धुरा शिर्ष गा.वि.स.वडा नं ५ बस्ने गणेश दत्त पाण्डे समेत जना तीनले खनजोत गरी वन अतिक्रमण गरेको भन्ने मुद्दा वन कार्यालयमा दर्ता भई वन ऐन बमोजिम निजहरुले अतिक्रमण गरेको वन क्षेत्र बझाइ, राष्ट्रिय वनमा समावेश गर्ने भन्ने मिति २०६०।०८।२१ गतेको फैसला, डडेल्धुरा जिल्ला साविक शिर्ष गा.वि.स. वडा नं ५ हाल परशुराम नगर.पालिका वडा नं ४ बस्ने दत्ताराम पाण्डेले विभिन्न मितिमा डिभिजन वन कार्यालय डडेल्धुरा र जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा उक्त अतिक्रमण भएको जग्गा बझाँइ पाउँ भनी पेश गरेको निवेदन र जिल्ला प्रशासन कार्यालय डडेल्धुराको मिति २०८२।१।२८ को सार्वजनिक / सरकारी जग्गा संरक्षण सम्बन्धि सूचनाको कार्यान्वयन सन्दर्भमा आज बसेको जिल्ला वन सुरक्षा समन्वय समितिको बैठकबाट मिति २०६०।०८।२१ मा तत्कालिन जिल्ला वन कार्यालय डडेल्धुराले गरेको फैसला बमोजिम उक्त क्षेत्रलाई बझाई राष्ट्रिय वनमा समावेस गर्ने र सो को बर्खिलाप कसैले काम कारवाही गरेमा तत्काल नियन्त्रणमा लिई आवश्यक कानुनी कारवाही गर्ने निर्णय गरियो ।